नेपाल सरकार
गृह मन्त्रालय

(गणेश ठाडा मगर)
सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक
समादेशक

# सशस्त्र प्रहरी बल, नेपाल

## यू.एन.शान्ति स्थापना तालिम शिक्षालय,

(प्रबन्ध शाखा, ककनी, नुवाकोट)

## पुराना मेशिनरी उपकरण तथा जिन्सी सामानहरुको लिलाम विक्री सम्वन्धी सिलबन्दी बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति २०७६/०३/ ०३ गते ।

सशस्त्र प्रहरी बल, नेपाल यू.एन.शान्ति स्थापना तालिम शिक्षालय, ककनीमा जिन्सी किताबमा आम्दानी रहि तपसिल बमोजिमका विभिन्न पुराना मेशिनरी उपकरण तथा जिन्सी सामानहरु जे-जस्तो अवस्थामा छन् सोही अवस्थामा लिलाम बिक्री गर्नुपर्ने भएकोले खरिद गर्न ईच्छुक व्यक्ति, फर्म, संस्था वा कम्पनीहरुले निम्न लिखित शर्तहरुको अधिनमा रही सिलबन्दी बोलपत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरीएको छ ।

| सि.नं. | पुराना मेशिनरी उपकरण तथा सामानहरुको बिवरण | न्यूनतम जम्मा मूल्य रु. (मु.अ.कर बाहेक) | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|
| १ | फलाम - ४७२ के.जी.<br>स्टिल - २१ के.जी.<br>काठ - १७५ के.जी.<br>सिलावर - ३३ के.जी.<br>पित्तल - ८१ के.जी.<br>प्लाष्टिक - २११के.जी.<br>ब्याट्री - १९५ के.जी. | ७३,७७०/- | ३००।- | - |

बोलपत्र फाराम सशस्त्र प्रहरी बल, नेपाल प्रधान कार्यालय, मिनाहामोजरा शाखा र सशस्त्र प्रहरी बल, नेपाल यू.एन. शान्ति स्थापना तालिम शिक्षालय, ककनीबाट प्रथम पटक सूचना प्रकाशित भएको मितिले १५ औं दिन (मिति २०७६/०३/१७ गते) कार्यालय समय भित्र बोलपत्र फाराम तोकिएको दस्तुर (फिर्ता नहुने गरी) नगदै बुझाई प्राप्त गर्न सकिने छ । बोलपत्र फाराम १६ औं दिन (मिति २०७६/०३/१८ गते) को १२:०० बजे भित्र सशस्त्र प्रहरी बल, नेपाल यू.एन. शान्ति स्थापना तालिम शिक्षालयमा दर्ता गराई सक्नु पर्नेछ, दाखिला भएका बोलपत्र फारामहरु सोही दिनको १४:०० बजे यस कार्यालयमा खोलिनेछ । बोलपत्र फाराम बिक्री, दाखिला र खोलिने दिन कारणवस सार्वजनिक विदा पर्न गएमा बिदा पछाडी कार्यालय खुलेको पहिलो दिन सोहि समयमा बोल पत्र फाराम बिक्री, दाखिला र खोलिने छ । बोलपत्रदाताले बोलपत्रमा कबोल गरेको कुल रकमको १० (दश) प्रतिशतले हुने रकममा नघटाई सशस्त्र प्रहरी बल, नेपाल यू.एन. शान्ति स्थापना तालिम शिक्षालय, ककनीको कार्यालय कोड नं. २७-३१४-९१ को कोष तथा लेखा नियन्त्रक कार्यालय, लैनचौर काठमाण्डौको राष्ट्रिय बाणिज्य बैंक शाखा कार्यालय ठमेल, काठमाण्डौको धरौटी खाता नं. ११००२०३००००००० मा नगदै दाखिला गरी सो को सक्कलै भौचर वा ९० (नब्बे) दिन मान्य अवधिको कुनै बाणिज्य बैंकबाट यस कार्यालयको नाममा जारी भएको सक्कलै बैंक जमानत (बैंक ग्यारेन्टी) बोलपत्र साथ पेश गर्नु पर्नेछ । स्वीकृत बोलपत्रदाताले बोलपत्र स्वीकृतीको जानकारी पाएको ७ (सात) दिनभित्र आफूले कबोल गरेको रकममा नियमानुसार लाग्ने मु.अ.कर १३ (तेह्र) प्रतिशत समेत थप गरी जम्मा हुन आउने रकम दाखिला गरी मेशिनरी उपकरण तथा अन्य सामानहरु उठाई लैजानु पर्नेछ । बोलपत्रदाताले नियमानुसार उठाई नलगेमा बोलपत्र कागजात साथ पेश गरेको बोलपत्र जमानत बापतको रकम यस कार्यालयले नियमानुसार जफत गरी प्रचलित कानून बमोजिम कारबाही गर्नेछ । उल्लेखित मेशिनरी उपकरण तथा अन्य सामानहरु हेर्न वा थप कुराहरु बुझ्न परेमा कार्यालय समय भित्र यस तालिम शिक्षालयमा आई हेर्न र बुझ्न सकिनेछ वा यस शिक्षालयको फोन नं ०१-५२९९८००/९८५१२७२०५८ मा सम्पर्क राखी आवश्यक जानकारी लिन सकिनेछ । यस सम्बन्धी सूचना सशस्त्र प्रहरी बल, नेपालको **Web Site:-** www.apf.gov.np मा समेत राखिएको छ ।